सभाबाट स्वीकृत मिति २०८३।०३।

## शैल्यशिखर नगरपालिकाको विनियोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

**शैल्यशिखर नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक,**

**प्रस्तावना:**

शैल्यशिखर नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यन्वयन गर्न बिनियोजित रकम नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा आवस्यक ब्यवस्था गर्न वाञ्छनिय भएकोले,नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम शैल्यशिखर नगरपालिकाको नगरसभाको १९ औं अधिवेशनमा स्वीकृतिको लागि यो विनियोजन विधेयक २०८३ प्रस्तुत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) "यस विधेयकको नाम शैल्यशिखर नगरपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो विधेयक नगरसभाबाट स्वीकृत भएपछि २०८३ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)"आर्थिक वर्ष" भन्नाले २०८३ साल श्रावण १ गते देखि २०८४ आषाढ मसान्तसम्मको अवधिलाई सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले शैल्यशिखर नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "विनियोजन" भन्नाले नगरसभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न छुट्याईएको रकम सम्झनुपर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान, (२०७२) लाई सम्झनुपर्छ ।

(ङ) "सञ्चित कोष" भन्नाले शैल्यशिखर नगरपालिकाको सञ्चित कोष सम्झनु पर्छ ।

(च) "सभा" भन्नाले शैल्यशिखर नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले शैल्यशिखर नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

**३. आर्थिक बर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार र सिमा:**

आर्थिक वर्ष २०८३।०८४ को लागि नगरपालिकाको कार्यालय,विषयगत शाखा तथा वडा समितिले नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न अनुसूची– १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय ब्यवस्थाको अन्तर्गत विभिन्न शीर्षकमा विनियोति रकम रु. ८१,३३,१९,०००। (एकासी करोड तेतिस लाख उन्नाईस हजार मात्र) निर्दिष्ट गरी सञ्चित कोषबाट

खर्च गर्न सकिनेछ। आ.व. २०८३।०८४ मा संघिय सरकार तथा प्रदेश सरकारबाट कुनै योजना तथा कार्यक्रम, विशेष बजेटबाट प्राप्त भएमा यो ऐन बमोजिम खर्च गर्न सकिनेछ। आकस्मिक तथा विशेष आवस्थामा विशेष वा विपदको अवस्थामा विशेष वा पूरक बजेट ल्याई खर्च गरिनेछ ।

**४. विनियोजित शीर्षक संशोधन र रकमान्तर सम्बन्धी व्यवस्था:**

(१) यस ऐन द्वारा चालू, पुंजिगत तथा वित्तिय व्यवस्था अन्तर्गत विभिन्न शीर्षकमा विनियोजित रकम तत्तत् शीर्षकमा तदनुरुप खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम विनियोजित रकम कारणवस कुनै शीर्षकमा खर्च नहुने अवस्थामा सो शीर्षकमा विनियाजित वजेट अर्को शीर्षकमा थप गर्न वा कुनै नंया शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नु परेमा संसोधनको प्रक्रियावाट र कुनै वजेट शीर्षकमा वढी वा घटी भई रकमान्तर गरी खर्च गर्नु परेमा रकमान्तर गरी खर्च गर्न सकिनेछ। यसरी वजेट शीर्षक नै संशोधन गरी खर्च गर्नु परेमा वा रकमान्तरको लागि तोकिएको वजेट सिमा भन्दा वढी वजेट थपघट गरी खर्च गर्नु परेमा नगरसभावाट र कुनै शीर्षकमा घटी वढी भै रकमान्तर गर्नु परेमा सम्वन्धित शीर्षकमा विनियोजित रकमको २५ प्रतिशतमा नबढ्ने गरी नगर कार्यपालिकाको निर्णयवाट रकमान्तर गरी खर्च गर्न सकिनेछ। संसोधनको पक्रियाबाट विनियोजित रकम खर्च गर्नु परेमा त्यस्तो निर्णय फाल्गुन मसान्त भित्र गरिसक्नु पर्नेछ । तर पूँजिगत खर्च शीर्षकमा विनियोजित रकम र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकमा रकमान्तर गरी खर्च गर्न पाईने छैन।

(३) समपूरक तर्फ विनियोजित रकम संघ र प्रदेश सरकारबाट प्रस्ताव गरिए अनुरुप समपूरक अनुदान प्राप्त हुन नआएमा नगरसभाले स्वीकृत गरेका कार्यक्रममा रकम विनियोजन गरी खर्च गर्न सकिनेछ ।

(४) उपदफा (१) वमोजिम विभिन्न शीर्षकमा विनियोजित रकम खर्च गर्दा सर्वाजनिक खरिद ऐन नियम तथा अन्य प्रचलित कानुनले तोकेको प्रक्रिया पुरागरी उपभोक्ता समिति वा ठेक्का पक्रियावाट गरिने सम्झौता र कार्यदेश वैशाख मसान्तभित्र सम्पन्न गरी कार्यान्वयन गरिनेछ ।

**५. विनियोजित वजेट शीर्षकको दायित्व सर्न सक्ने व्यवस्था :–** आर्थिक वर्ष २०८३।०८४ का लागि नगरसभावाट स्वीकृत कुनै आयोजना तथा कार्यक्रम कुनै कारणले सम्पन्न हुन नसकेमा त्यस्ता आयोजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षका लागि अधुरा आयोजना वा कार्यक्रमको रुपमा सम्पन्न गर्न वाँकी रहेको विनियोजित रकम सहित दायित्व सार्न सकिनेछ ।

**६. कार्यविधि बनाई लागू गर्न सक्ने:–** यस ऐनको प्रभावकारी कार्यन्वयनका लागि आवश्यकता अनुसार नगर कार्यपालिकाबाट कार्यविधि वा निर्देशिका स्वीकृत गरी कार्यन्वयन गर्न सकिनेछ ।

**७. खारेजी र बचाउ:–** (१) यो ऐन नगरसभावाट स्वीकृत भई लागू भएपछि विनियोजन ऐन, २०८२ खारेज हुनेछ ।

(२) विनियोजन ऐन, २०८२ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

# आय अनुमानः

| शीर्षक | आ.व. २०८३/०८४ को अनुमान | अक्षरमा |
|---|---|---|
| **संघिय सरकार** | **५३,६१,४७,०००।** | **त्रिषन्न करोड एकसठ्ठी लाख सतचालिस हजार मात्र** |
| समानिकरण अनुदान | १२,६९,००,०००। | वाह्र करोड उन्सत्तरी लाख मात्र |
| शसर्त अनुदान चालू | २८,९९,००,०००। | अठ्ठाईस करोड उनान्सय लाख मात्र |
| शसर्त अनुदान पुँजीगत | ३३०००००। | तेतीस लाख मात्र |
| समपूरक अनुदान पुँजीगत | १,६६,००,०००। | एक करोड छैसठ्ठी लाख मात्र |
| विशेष अनुदान पुंजीगत | ९७,००,०००। | सन्तानब्वे लाख मात्र |
| राजश्व बाँडफाडवाट संघ | ८,९७,४७,०००। | आठ करोड सन्तानब्वे लाख सतचालिस हजार मात्र |
| **प्रदेश सरकार** | **२३,९१,७२,०००** | **तेईस करोड एकानब्बे लाख बहत्तर हजार मात्र** |
| समानिकरण अनुदान(न्युनतम) | १६,३५,०००। | सोह्र लाख पैतिस हजार मात्र |
| समानिकरण अनुदान(सुत्रमा आधारित) | १,०४,६९,०००। | एक करोड चार लाख उनान्सत्तरी हजार मात्र |
| समानिकरण अनुदान(कार्यसम्पादन मुल्याङ्कनमा आधारित) | ३,३८,०००। | तीन लाख अठतिस हजार मात्र |
| शसर्त अनुदान पुँजीगत | २०,२७,००,०००। | बिस करोड सत्ताईस लाख मात्र |
| शसर्त अनुदान चालु तर्फ | ००। | |
| विषेस अनुदान चालू | ८१,५०,०००। | एकासी लाख पचास हजार मात्र |
| बिषेस अनुदान पूँजिगत | ००। | |

CamScanner

| | | |
|---|---|---|
| समपूरक अनुदान पुँजीगत | १,१३,०२,०००। | एक करोड तेरह लाख दुई हजार मात्र |
| सवारी साधन करको रकम राजश्व बाँडफाँड | ४५,७८,०००। | पैचालिस लाख अठहत्तर हजार मात्र |
| अनुमानित आन्तरिक आय | ३,२०,००,०००। | तीन करोड बिस लाख मात्र |
| गत आ ब को अनुमानित संञ्चिति रकम | ५०,००,०००। | पचास लाख मात्र |
| अनुमानित स्थानीय राजश्व | १०,००,०००। | दश लाख मात्र |
| कुल जम्मा आय अनुमान | ८१,३३,१९,०००। | एकासी करोड तेतिस लाख उनाईस हजार मात्र |

## व्यय अनुमान

| खर्चको प्रकार | रकम | अक्षरमा |
|---|---|---|
| चालू | ४२,८३,७५,००० | बयालिस करोड त्रियासी लाख पचहत्तर हजार मात्र |
| पुँजिगत | ३८,२९,४४,००० | अठतिस करोड उनन्तिस लाख चौवालिस हजार मात्र |
| जम्मा | ८१,३३,१९,००० | एकासी करोड तेतिस लाख उन्नाइस हजार मात्र |

**आदरणीय नगर सभा अध्यक्ष एवं नगर सभा सदस्य ज्यूहरु ।**

अन्तमा, प्रस्तुत बिनियोजन ऐनको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकायहरू, विभिन्न राजनीतिक दलहरू, विभिन्न सङ्घ संङ्गठनहरु, गैरसरकारी संस्थाहरू, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव, सहभागिता र सहयोग हुनेमा विश्वास व्यक्त गर्दै सम्मानित सभाबाट रचनात्मक सुझावसहित प्रस्तुत विनियोजन ऐन पारित हुनेछ भन्ने हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत विनियोजन ऐन कार्यान्वयनको लागि सवैवाट उच्च सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

मितिः२०८३ साल असार १० गते वुधवार ।



CamScanner